सांस्कृतिक संस्थानको ५३ औं वार्षिकोत्सवको अवसरमा तयार पारिएको

# वार्षिक प्रगति प्रतिवेदन

(आ.व.२०८१/८२)



**प्रस्तोता**
**किरण बाबु पुन**
**महाप्रबन्धक**

**सांस्कृतिक संस्थान**
**जमल, काठमाडौं**
**सम्पर्क नं. ०१-५३२११९४**
**इमेल : sanskritiksansthan@nepal.gov.np**

## परिच्छेद एक
# परिचय

## १.१ सांस्कृतिक संस्थानको परिचय

वि.सं. २०१६ सालमा स्थापित **'राष्ट्रिय नाचघर'** लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित **"सांस्कृतिक संस्थान"** को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ । सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय-अत्याचार तथा बेथिति निर्मूलनको लागि नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष योगदान पुऱ्याएको छ ।

सांस्कृतिक संस्थानले विगतदेखि अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि गायन, वादन, नृत्य तथा नाट्य अभिनय जस्ता विधाहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । संस्थानले उद्देश्य प्राप्तिका लागि विनियमावलीको कार्यान्वयन गरी कलाकार सेवा र प्रशासन सेवा अन्तर्गत दुई महाशाखाः कलाकार महाशाखा र प्रशासन महाशाखा अन्तर्गत कार्यक्रम तथा योजना शाखा, प्रशासन शाखा, गायन शाखा, वाद्यवादन शाखा, नृत्य शाखा, नाटक शाखा, हल शाखा, लेखा शाखा, भण्डार शाखा, अभिलेख शाखा, श्रव्यदृश्य शाखा र बजार व्यवस्थापन शाखा गरी १२ वटा शाखा स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरू प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ । नेपाल सरकारको शिक्षालाई व्यावहारिक बनाउने, नीति तथा कार्यक्रमलाई सफल पार्नका निम्ति संस्थानले विगतदेखि विभिन्न तहका पाठ्यक्रममा आधारित नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्य रचनालाई नाटक एवम् गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्दै पनि आएको छ । संस्थानले सरकारी एवम् गैरसरकारी निकायसँग संस्थानको हित सम्बन्धी क्रियाकलापमा सहकार्यका नीति तथा कार्यक्रमहरूको समेत प्रबन्ध गर्ने गरेको छ ।

सांस्कृतिक संस्थानसँग मेगा हल, मिनी हल, सेमिनार हल र अभ्यास कक्षहरू रहेका छन् । मेगा हलको सिट क्षमता ७०० भन्दा बढी, मिनी हलको सिट क्षमता १०४ सिट भन्दा बढी र सेमिनार हल तथा अभ्यास कक्षका सिट क्षमता ५० भन्दा बढी रहेको छ । संस्थानको प्रधान कार्यालय काठमाडौं महानगरपालिका वडा नं.२७ जमलमा ५ रोपनी २ आना १ पैसाको क्षेत्रफलमा अवस्थित रहेको छ । समय, परिस्थिति, राज्यको मार्गनिर्देशन, विज्ञान-प्रविधिको विकास, जनचाहना अनुरूप सांस्कृतिक संस्थान रूपान्तरित भई छिटो-छरितो एवम् प्रभावकारी सेवा प्रवाहमा प्रतिबद्ध छ ।

**१.२ सांस्कृतिक संस्थानको स्थापना र गठन :**

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०२९ साल असार ५ गते राष्ट्रिय नाचघर सांस्कृतिक संस्थाको रूपमा पुनर्गठन भएकाले हरेक वर्ष यसै समयलाई स्थापना दिवसको स्वरूप वार्षिकोत्सव मनाउने गरिन्छ। संस्थानको सञ्चालक समिति देहाय बमोजिम हुने व्यवस्था रहेको छ :-

(क) अध्यक्ष : नेपाल सरकारबाट नियुक्त
(ख) महाप्रबन्धक : नेपाल सरकारबाट नियुक्त
(ग) सदस्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय प्रतिनिधि (उपसचिव)
(घ) सदस्य : अर्थ मन्त्रालय प्रतिनिधि (उपसचिव)
(ङ) सदस्य : नेपाल सरकारबाट नियुक्त

**१.३ सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य :-**

लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तारणका लागि सांस्कृतिक नवजागरण गराउने तथा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनु संस्थानको प्रमुख उद्देश्य रहेको छ।

**१.४ सांस्कृतिक संस्थानको काम, कर्तव्य र अधिकार :-**

देहाय बमोजिम संस्थानका काम, कर्तव्य र अधिकार रहेका छन् :-

(क) राष्ट्रियपन भएको लोकसांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शनद्वारा जनसाधारणको लागि स्वस्थ मनोरञ्जन उपलब्ध गराउने।
(ख) नेपालको गौरवशाली संस्कृति र कलात्मक परम्पराको निर्वाह र विकास गर्ने तथा जनताको बौद्धिक आवश्यकता र स्वस्थ मनोरञ्जनको चाहना पूर्ति गर्ने खालको लोकसांस्कृतिक कार्यक्रम तयार गरी नेपाल सरकारको महत्त्वपूर्ण सभा, पर्व, समारोहमा प्रदर्शन गर्ने।
(ग) सांस्कृतिक कार्यक्रमको योजना, निर्माण र प्रदर्शनमा व्यावसायिक दृष्टिकोण अपनाउने।
(घ) सांस्कृतिक कार्यक्रमको लागि पटकथा, रंगमञ्च, कलाकार आदिको व्यवस्था गर्ने।
(ङ) नेपालको मौलिक लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमका विविध नीति तथा कार्यक्रम तय गर्ने।
(च) जागरण कार्यक्रम मार्फत सामाजिक तथा सांस्कृतिक रूपान्तरण सहित नयाँ संस्कृति निर्माणमा जोड दिने।
(छ) देशभरका लोकसंस्कृतिकर्मी एवम् लोककलाकारलाई चलायमान बनाउने।
(ज) लोकगायन, लोकवादन, लोकनृत्य तथा लोकनाट्य अभिनय लगायतका विभिन्न विधामा प्रशिक्षण दिने।
(झ) प्रदर्शनीयुक्त लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् दस्तावेजीकरण सहित प्रदर्शनी गर्ने।
(ञ) नेपाली लोकसंस्कृतिको जगेर्ना गर्दै नेपालको पहिचान तथा अस्तित्वको रक्षा गर्ने।
(ट) नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकसँग संस्कृति आदानप्रदान कार्यक्रम गर्ने।
(ठ) बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र नेपालमा नेपालीहरूका बीच संस्कृतिभित्रको प्रस्तुतीजन्य सिर्जनशील कलाको माध्यमबाट सद्भाव, राष्ट्रिय एकता, समानता तथा समावेशीताको भावना अभिवृद्धि गर्ने।
(ड) संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने।
(ढ) सभ्य समाज निर्माणका लागि सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने लोक संस्कृति, परम्परागत संस्कृति, जागरण संस्कृति, श्रम संस्कृति, प्रगतिशील संस्कृति जस्ता संस्कृतिको

अस्तित्वलाई अङ्गीकार गर्दै नेपालको संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसारको नयाँ संस्कृति निर्माण गर्ने ।

(ण) डिजिटल युगसँगै लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक र समग्र लोकसंस्कृतिमा देखिएको विकृति, विसङ्गतिले नेपालको पहिचान र अस्तित्व नै सङ्कटमा पर्ने खतरा बढेकाले त्यसको रोकथाम गर्न प्रचलित कानुन अनुसार कामकारबाही गर्नुका साथै सरोकारवाला संघसंस्था एवम् निकायलाई नियमन तथा अनुगमन गर्ने ।

(त) विभिन्न जातिको पहिचानयुक्त संस्कृतिलाई अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरणका लागि पहल गर्ने ।

(थ) नेपाली संस्कृतिमा योगदान पुऱ्याउने संस्कृतिविद्, कलाकार, साहित्यकार एवम् समग्र श्रष्टालाई राष्ट्रिय सम्मानका कार्यक्रम गर्ने ।

(द) कलाकार प्रमाणीकरण सम्बन्धी कार्य गर्ने ।

(ध) गायन, वादन, नृत्य, नाटक तथा समग्र संस्कृति सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम गर्ने ।

### १.५ संस्थानले प्रदान गर्ने सेवाहरू :-

देहाय बमोजिम संस्थानले प्रदान गर्ने अन्य सेवाहरू रहेका छन् :-

(क) प्रेक्षालय (हल) सेवा,

(ख) कला प्रशिक्षण कार्यक्रम,

(ग) कलाकार प्रमाणीकरण,

(घ) संस्कृति सम्बन्धी अडियो, भिडियो, टेली श्रृङ्खला, नाटक, वृत्तचित्र तथा समग्र सांस्कृतिक गतिविधिमूलक श्रव्यदृश्य निर्माण ।

### १.६ संस्थानको संरचना संक्षिप्त विवरण :-

अ) कलाकार सेवा

आ) प्रशासन सेवा

कलाकार सेवा र प्रशासन सेवा अन्तर्गतका महाशाखा तथा शाखाहरू :

(क) कलाकार महाशाखा :

१.कार्यक्रम तथा योजना महाशाखा

२. गायन शाखा

३. वाद्यवादन शाखा

४. नृत्य शाखा

५. नाटक शाखा

६. श्रव्यदृश्य शाखा

(ख) प्रशासन महाशाखा :

१. प्रशासन शाखा

२. लेखा शाखा

३. हल शाखा

४. भण्डार शाखा

५. अभिलेख शाखा

६. बजार व्यवस्थापन शाखा

परिच्छेद दुई

# सांस्कृतिक संस्थानको आयव्यय विवरण

## २.१ संस्थानको आय

सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को जेठ मसान्तसम्मको कुल आम्दानी रु.७,२१,७५,००७/- ( अक्षरेपि सात करोड एक्काइस लाख पचहत्तर हजार सात रुपैयाँ मात्र) भएको छ ।

## २.२ संस्थानको व्यय

सांस्कृतिक संस्थानको आ.व.२०८१/८२ को जेठ मसान्तसम्मको कुल खर्च रु.७,०१,५७,६०८/- (अक्षरेपि सात करोड एक लाख सन्ताउन्न हजार छ सय आठ रुपैयाँ मात्र) भएको छ । जसमा विशेष गरी अनिवार्य दायित्व उपदान तर्फ, वर्षौंदेखि दायित्व जम्मा हुँदै आएको सञ्चय कोष तथा नागरिक लगानीकोष तर्फ, रेकर्डिङ स्टुडियो निर्माण तर्फ, अभ्यास कक्ष निर्माण तर्फ, मर्मत सँभार तर्फ, नीति तथा कार्यक्रम तर्फ, कर्मचारीको तलब भत्ता तर्फ र कार्यालय सञ्चालन तर्फ खर्च भएको छ ।

## २.३ गत आ.व. र यस आ.व.को तुलनात्मक विवरण

गत आ.व. र यस आ.व.को तुलनात्मक अध्ययनबारे संस्थानको लेखा परिक्षण प्रतिवेदन अनुसार महालेखा परिक्षकको कार्यालयले पेश गरेको तथ्याङ्क अनुरूप नेपाल सरकार अर्थ मन्त्रालयको **"सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२"** को प्रतिवेदन अनुसार सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको गत आ.व.को तुलनामा आ.व.२०८१/८२ मा ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि भएको छ ।

विगतमा उपदान, सञ्चय कोष, नागरिक लगानी कोष जस्ता संवेदनशील विषयमा करोडौं दायित्व सिर्जना भएकाले आ.व.२०८१/८२ मा आम्दानी भएको करोडौं रुपैयाँ सोही दायित्वको समस्या समाधान गर्न खर्चिनु परेकोले थुप्रै उत्पादनमैत्री क्रियाकलाप सम्पन्न गर्नबाट संस्थान वञ्चित हुनु पर्‍यो । नत्र संस्थानको आयमा अझै वृद्धि हुने सम्भावना हुन्थ्यो ।

परिच्छेद तीन

# संस्थानका प्रमुख उपलब्धिहरू

## ३.१ नीतिगत तर्फ

संस्थानलाई चुस्त, दुरुस्त, पारदर्शी एवम् व्यवस्थित रूपमा सञ्चालन गर्न संस्थानमा विभिन्न कार्यविधि निर्माण गरी नीतिगत प्रणालीको प्रारम्भ गरिएको छ । संस्थानमा सुशासन स्थापना सहित परिणाममुखी क्रियाकलाप सम्पन्न गर्ने उद्देश्य सहित आ.व.२०८१/८२ मा नयाँ तथा संशोधन सहित कार्यान्वयनमा ल्याइएका निर्देशिका तथा कार्यविधिहरू यसप्रकार छन् :-

- सांस्कृतिक संस्थान प्रेक्षालय सञ्चालन तथा व्यवस्थापन (संशोधन सहित) निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान कल्याणकारी कोष कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार (संशोधन सहित) कार्यविधि, २०८१
- सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१
- संस्थानको नीति तथा कार्यक्रमयुक्त भित्तेपात्रो निर्माण प्रणाली शुभारम्भ

## ३.२ नीति तथा कार्यक्रम तर्फ

- सांस्कृतिक संस्थानको विगतको प्रणालीलाई हेर्दा हरेक आर्थिक वर्षहरूमा बजेट विनियोजन गर्दा आयव्यय सहितको नेपाल सरकारका सभा, समारोह, उत्सव, पर्व सम्बन्धी भैपरी आउने कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्थ्यो । संस्थानको आ.व.२०८१/८२ बाट दीर्घकालीन सोचयुक्त नीति तथा कार्यक्रम सहितको बजेट विनियोजन गर्ने प्रणाली थालनी गरिएको छ। नीति तथा कार्यक्रममा पुँजीगत तर्फ, मर्मत सँभार तर्फ, हरेक जातजातिका मौलिक सांस्कृतिक चाडपर्व सम्बन्धी, नयाँ प्रकृतिका डिजिटल उत्पादन तर्फका थिए ।
- आ.व.२०८१/८२ का नीति तथा कार्यक्रमहरू ८० प्रतिशत भन्दा बढी सम्पन्न भएका छन् । सुशासन स्थापना गर्दै संस्थानको आन्तरिक आयस्रोत जुटाउँदै एक/एक नीति तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकाले केही नीति तथा कार्यक्रम बजेट अभावले कार्यान्वयन गर्न सकिएन ।
- आ.व.२०८१/८२ का नीति तथा कार्यक्रम मार्फत संस्थानको आयमा वृद्धि तथा दीर्घकालीन आम्दानीको स्रोत हुनेतर्फ दिशाबोध गरेको छ । जस्तै : संस्थानको रेकर्डिङ स्टुडियो, संस्थानको सेमिनार हल, गाईजात्रा महोत्सव २०८१, डिजिटल उत्पादन, सात प्रदेशको जागरण कार्यक्रम, मनमनमा संस्कृति-ओठओठमा हाँसो आदि ।
- संस्थानको इतिहासमा सबैभन्दा बढी लोकप्रिय एवम् उत्पादनमैत्री बन्न सफल ऐतिहासिक गीति नाटक मुनामदनको श्रव्य सामग्री हराएर वर्षौंदेखि मञ्चन तथा प्रदर्शन हुन सकेको थिएन । तर वर्तमान नेतृत्वको अथक प्रयासमा गीति नाटक मुनामदनको श्रव्य सामग्री प्राप्त गरी पुन: मञ्चन एवम् प्रदर्शनीमा ल्याइएको छ ।

- आ.व.२०८१/८२ मा संस्थानले नेपाल सरकारका मन्त्रालय र विभिन्न निकायसँग G to G प्रणालीमा सहकार्य गरी परिणाममुखी कार्यक्रमहरू सम्पन्न गरेको छ । जस्तै : पशुपति क्षेत्र विकास कोषसँग धार्मिक सांस्कृतिक सम्बन्धी कार्यक्रम, नेपाल पर्यटन बोर्डसँग नेपाली संस्कृति प्रवर्द्धन मार्फत सांस्कृतिक पर्यटनको विकास सम्बन्धी कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम, युवा तथा खेलकुद मन्त्रालयसँग संस्कृतिमा युवा सहभागिता सम्बन्धी कार्यक्रम र काठमाडौं महानगरपालिकासँग सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको Book Free Friday कार्यक्रम अन्तर्गत सङ्गीत तथा नाटक प्रशिक्षण सम्बन्धी क्रियाकलाप ।

## ३.३ पुँजीगत संरचना तर्फ

- राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म हालसम्मको इतिहासमा विभिन्न कार्यकालका सञ्चालक समितिका निर्णयहरूमा निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनका लागि रेकर्डिङ स्टुडियो तथा सांस्कृतिक पर्यटनमैत्री क्रियाकलापका लागि सेमिनार हल निर्माण गर्ने भनी निर्णयमै सीमित रही हालसम्म कार्यान्वयन हुन सकेको थिएन । त्यसैगरी व्यवस्थित अभ्यास कक्ष निर्माण नहुँदा वर्षौंदेखि अनेकन् समस्याबाट ग्रसित हुन परेको थियो । तर वर्तमान नेतृत्वको अथक प्रयासमा नेपाल सरकारको वार्षिक बजेटमा सेमिनार हल निर्माणका लागि बजेट विनियोजन भई **कार्यक्रम मेक अप कक्ष** र **कार्यक्रम तयारी कक्ष** सहितको अत्याधुनिक **सेमिनार हल** निर्माण गर्न सफल भएका छौं ।
- वर्तमान माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा वर्तमान नेतृत्वले सुशासन कायम गरेकाले आन्तरिक स्रोतबाट **संस्थानको रेकर्डिङ स्टडियो** निर्माण गरी सञ्चालनमा ल्याउन सफल भएका छौं ।
- व्यवस्थित प्रशिक्षण कक्षहरू निर्माण गरिएको छ ।

## ३.४ संस्थान र कर्मचारी हित तर्फ

- कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषमा रकम जम्मा नहुँदा कर्मचारीहरू सम्बन्धित कोषबाट पाउने विभिन्न सुविधाहरूबाट वञ्चित हुनु परेको थियो । वर्षौंदेखि रकम जम्मा हुन नसक्दा रु.१,०२,९२,९९२/- (अक्षरेपि एक करोड दुई लाख बयानब्बे हजार नौ सय बयानब्बे रुपैयाँ) पुगेको पुरानो दायित्वको बाँकी रकम जम्मा गरी हाल लगातार तलब भत्तासँगै जम्मा हुने प्रणालीको सुरुवात गरिएको छ ।
- नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकमको दायित्व समाधानका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकममा आन्तरिक आयमा वृद्धि हुन आएको रकम थप गरी हालसम्मकै बढी रकमका दरले अवकाश प्राप्त कर्मचारीहरूलाई वितरण गरिएको छ । दीर्घकालीन रूपमा उपदानको समस्या समाधानको लागि संस्थानको विनियमावली संशोधन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको छ ।

- ‘मेरो दान, संस्कृतिलाई सम्मान’ श्लोकन सहित दानपेटिका सहितको “सांस्कृतिक संस्थान कल्याणकारी कोष” स्थापना गरी संस्थानका कर्मचारीलाई आपत्‌विपद् पर्दा मलमपट्टी स्वरूप सहायता मिल्ने व्यवस्था गरिएको छ ।
- वर्षौंदेखि आत्मसम्मानमा आघात पुग्नेगरी सिर्जनशील कला प्रर्दशनी गर्ने वातावरणबाट वञ्चित संस्थानका कलाकार सेवाका कर्मचारी र क्षमता अनुरूपको स्थान नपाएर वञ्चित भएका प्रशासन सेवाका कर्मचारीलाई उपयुक्त वातावरण एवम् जिम्मेवारी प्रदान गरी आत्मनिर्भर नीतिमा केन्द्रित गरिएको छ ।
- संस्थानको हित र कर्मचारीको वृत्ति विकास हुने सिर्जनशील क्रियाकलापका लागि रेकर्डिङ स्टुडियोमा उपयुक्त नीति सहितको वातावरण सिर्जना गरिएको छ ।
- संस्थानका कर्मचारीहरूको सिर्जनशील क्रियाकलापलाई डिजिटल प्रविधि मार्फत प्रकाशन गरी विश्वभरी चलायमान हुने वातावरण निर्माण गरिएको छ ।
- संस्थानको हित र कर्मचारीको वृत्ति विकास केन्द्रित विनियमावली संशोधन गरिएको छ ।

## ३.५ सेवा प्रवाह तर्फ

- संस्थानको सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन पछिल्लो समय डिजिटल प्रविधिलाई विशेष जोड दिइएको छ । अनलाइन मार्फत हल बुकिङ, कलाकार प्रमाणीकरण, टिकट बुकिङ आदि प्रणाली अगाडि बढाइएको छ ।
- सेवा प्रवाहमा हुने ढिलासुस्तीको कारण पत्ता लगाई त्यसको समाधानको लागि कडाईका साथ कदम चालिएको छ ।
- संस्थानमा सोधपूछ कक्ष निर्माण तथा सत्कारकका रूपमा कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी ढंगले अगाडि बढाइएको छ ।
- संस्थानको कार्यप्रकृति अनुसार संस्थानमा हुने गतिविधि बारे यथार्थ एवम् न्यायोचित सूचना सम्प्रेषणका लागि उपयुक्त सूचना अधिकारी तोकिएको छ ।

## ३.६ सुशासन तर्फ

- अनेकन् समस्याका कारण मृत्युशैयामा पुगेको संस्थानलाई माथि उठाउन संस्थानमा हुने आन्तरिक एवम् वाह्य विकृति, विसंगति तथा बेथितिलाई जरैदेखि निर्मूलन गर्ने प्रणका साथ वर्तमान नेतृत्व र कर्मचारीहरूको ऐक्यबद्धता रहेको छ ।
- कर्मचारीको तलब भत्ता र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने भएकाले संस्थानको आम्दानीको मुख्य स्रोत हल तथा अभ्यास कक्षबाट हुने चुहावटलाई पूर्णतः निस्तेज पारी आयमा वृद्धि गरिएको छ ।
- विभिन्न बहानामा संस्थानको प्राङ्गण प्रयोग गर्ने प्रणालीलाई पूर्णतः निस्तेज पारी कानून अनुरूप सम्झौता गरी संस्थानको आम्दानीमा वृद्धि गरिएको छ ।
- संस्थानलाई भोगचलन गर्न अनेकन् सामर्थ्यको त्रास देखाउने र सामर्थ्यको प्रयोग समेत गर्ने संकीर्ण सोचका व्यक्तिहरूबाट विचलित नभई वर्तमान माननीय मन्त्रीज्यूको असल अभिभावकत्वमा वर्तमान नेतृत्व प्रतिबद्ध रहेको छ ।

## ३.७ सांस्कृतिक सम्पत्ति संरक्षण

- राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कार्यरत पूर्वकर्मचारीहरू तथा नेतृत्व, वर्तमान कर्मचारीहरू तथा नेतृत्व र आगामी दिनमा समेत कर्मचारीहरू तथा नेतृत्वबाट हुने सिर्जनशील क्रियाकलापयुक्त सांस्कृतिक सम्पत्ति संरक्षणका लागि सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१ नीतिगत प्रणाली लागू गरिएको छ ।
- सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम श्रव्यदृश्य निर्माणको कार्यलाई व्यवस्थित गरिएको छ ।
- सांस्कृतिक सम्पत्ति खोज तथा छानविन समिति गठन गरी संस्थानको ऐतिहासिक गरिमा कायम राख्न सफल हराएका सांस्कृतिक सम्पत्तिको खोजी कार्य तीव्र पारिएको छ ।
- पुराना स्पुल, क्यासेट, सिडि, भिसिडीलाई डिजिटाइजेशन गर्न सुरुवात गरिएको छ ।

## ३.८ संस्थानको आय तथा आम्दानीका स्रोत विस्तार तर्फ

- नेपाल सरकार अर्थ मन्त्रालयको “सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२” को प्रतिवेदन अनुसार सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको गत आ.व.को तुलनामा आ.व.२०८१/८२ मा ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि भएको छ । नेपाल सरकारका सामाजिक क्षेत्रका संस्थानहरू मध्ये संस्थानको मात्रै आय वृद्धि भएको तथ्यांकले देखाएको छ ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको असल अभिभावकत्वमा संस्थानका वर्तमान महाप्रबन्धकज्यूले अगाडि बढाएको सुशासनको नीतिलाई संस्थानका कर्मचारीहरूले कर्तव्यनिष्ठ भई जिम्मेवारी वहन गर्दा संस्थानको हल आम्दानी गत आ.व.को तुलनामा दोब्बरका दरले आम्दानी वृद्धि भएको छ ।
- संस्थानका वर्तमान नेतृत्वको डिजिटल युगसँगै तयार पारिएको नीति अनुरूप डिजिटल उत्पादनको शुभारम्भ गरी संस्थानको आयको स्रोत थप भएको छ ।
- आ.व.२०८१/८२ बाट नीति तथा कार्यक्रम सहितको बजेट विनियोजन गर्ने प्रणालीको शुभारम्भ गरेसँगै संस्थानका थुप्रै नीति तथा कार्यक्रमहरू जस्तै : गाईजात्रा महोत्सव, मनमनमा संस्कृति-ओठओठमा हाँसो, G to G प्रणाली अन्तर्गत सहकार्यमूलक कार्यक्रम, सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम आदि उत्पादनमैत्री बनेका छन् ।
- वर्षौंदेखि नीति विपरित संस्थानको प्राङ्गण प्रयोग गर्ने बेथितिलाई पूर्णतः बन्द गरी कानून सम्मत सम्बन्धित निकायसँग सम्झौता गरी संस्थानको आम्दानीको स्रोत थप गरिएको छ ।
- वर्षौंदेखि निर्माण हुन नसकेका निकायगत अपरिहार्य संस्थानको रकर्डिङ स्टुडियो र सेमिनार हल आ.व.२०८१/८२ मा निर्माण भएकाले संस्थानको आम्दानीका स्रोतहरू थप भएका छन् ।
- प्रशिक्षण कक्ष तथा अभ्यास कक्ष व्यवस्थित संरचना नहुँदा प्रशिक्षण तथा अभ्यास गर्न गाह्रो हुने परिस्थितिलाई मध्यनजर गर्दै व्यवस्थित संरचना निर्माण गरिएकोले यसबाट संस्थानको आय स्रोतमा थप टेवा पुग्नेछ ।

- डिजिटल युगसँगै व्यावसायिक कार्यक्रमका लागि डिजिटल टिकट प्रणालीको शुभारम्भ गरिएकाले यसबाट संस्थानको आय स्रोतको मार्ग सुनिश्चित हुनेछ ।
- संस्थानको इतिहासमा पहिलोपटक प्रदर्शनीयुक्त संस्कृति सम्बन्धी ISSN मान्यताप्राप्त अनुसन्धनात्मक जर्नल "संस्कृति अध्ययन" प्रकाशनमा ल्याइएको छ । जसबाट पनि आय स्रोतको मार्ग सुनिश्चित हुनेछ ।

परिच्छेद चार

# समस्या, समाधान र निष्कर्ष

## ४.१ संस्थानका समस्या

### ४.१.१ त्रुटिपूर्ण ऋण :

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थानको भवन निर्माणका लागि अनिवार्य अनुदान प्राप्त हुनुपर्ने तर वार्षिक बजेटको नाउँमा संस्थानलाई प्राप्त हुने अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने नेपाल सरकारको अनिवार्य दायित्व उपदान समेत कट्टा गरी मिति २०५७/११/४ मा तत्कालीन सचिवस्तरीय निर्णय मार्फत त्रुटिपूर्ण ढंगले ऋणमा परिणत गरिएको, रु. १ करोड ५० लाख बाट सुरुवात भएको ऋण हाल साँवा, व्याज थपिँदै ३९ करोड २१ लाख ४४ हजार ३ सय ४८ रुपैयाँ पुगेको छ । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको निकायमा सरकार आफै ऋणी र आफै साहु अकल्पनीय त्रुटि हुन गएकाले संस्थानले जति आयमा वृद्धि गरेतापनि ऋण भन्ने उपमा (Tag) का कारण सधैं समस्याग्रस्त हुनु परेको छ ।

### ४.१.२. उपदान :

वार्षिक बजेटका नाउँमा संस्थानलाई प्राप्त हुने नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकम समेत पुरा सम्बोधन नहुँदा संस्थानको नीति तथा कार्यक्रममा असर तथा सम्बन्धित कर्मचारीहरूको परिवारमा विचलनको समस्या आएको छ ।

### ४.१.३. छुट्टै ऐन :

सांस्कृतिक संस्थान स्थापना तथा गठन सञ्चार संस्थान ऐन, २०२८ अनुसार भएको तर संस्थान संस्कृति सम्बन्धी निकाय भएकाले तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हुने भएकाले नीतिगत रूपमा अनेक समस्या बेहोर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ । मन्त्रालय समेत दोहोरोपना हुने समस्याको सामना गर्नु परेको छ ।

### ४.१.४. बजेट विनियोजन नहुनु :

संस्थानले कर्मचारीको सेवा, सुविधा र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ । नेपाल सरकारबाट संस्थानका लागि संस्कृति प्रवर्द्धन सम्बन्धी क्रियाकलापका लागि बजेट विनियोजन गर्ने परम्परा विकास नहुनु दुःखद हो ।

### ४.१.५. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) :
संस्थानको हालसम्मको इतिहासमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) मन्त्रालयबाट स्वीकृत हुन सकेको छैन ।

### ४.१.६. प्रशिक्षण कार्यक्रम व्यवस्थापन :
अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण तथा पुस्तान्तरणका लागि विगतदेखि संस्थानले सञ्चालनमा ल्याएको कला प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन कार्यविधि निर्माण गरिएतापनि थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालबाट सम्बन्धन प्राप्त हुन सकेको छैन ।

### ४.१.७. विनियमावली :
सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विगतका सम्पूर्ण विनियमावलीहरू संस्कृति मन्त्रालयबाट स्वीकृत भएतापनि विनियमावली, २०७८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट त्रुटिपूर्ण ढंगले स्वीकृत भएको पाइन्छ । तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विनियमावली स्वीकृत हुन सकेको छैन ।

## ४.२ समस्या समाधानका उपाय
### ४.२.१ त्रूटिपूर्ण ऋण मिनाहाः
संस्कृति संरक्षणको विषय हो, बेचबिखनको विषय होइन । तसर्थ संस्कृति जस्तो राष्ट्रको अस्तित्वसँग जोडिएको संवेदनशील विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी नेपाल सरकार बाट तुरुन्तै मिनाहा गर्नु पर्ने प्रशस्त आधारहरू रहेका छन्, जस्तै :-

- विद्युत प्राधिकरणको ऋण मिनाहा गरिएको,
- नेपाल खाद्य संस्थानको ऋण समाधान गरिएको,
- वाणिज्य बैंक, नेपाल बैंक आदिको ऋण समाधान गरिएको,
- संस्कृति सम्बन्धी नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका विभिन्न निकायका भवन अनुदानबाट निर्मित,
- संस्कृति जस्तो संवेदनशील विषयको ज्येष्ठ निकायलाई त्रुटिपूर्ण ढंगले नेपाल सरकार आफै ऋणी र आफै साहु हुनेगरी ऋण हुनु अकल्पनीय ।

### ४.२.२ उपदानका लागि बजेट :
नेपाल सरकारको अनिवार्य दायित्व अन्तर्गत अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदानको वर्षौंदेखि दायित्व सिर्जना हुँदै आएकोले सो समस्या समाधान हुनेगरी नेपाल सरकारबाट प्राप्त हुने उपदान सम्बन्धी बजेटको सिलिङ वृद्धि भएमा त्यसमा आन्तरिक स्रोत समेत थप गरी उपदान समस्या समाधान गर्न सकिन्छ ।

### ४.२.३ ऐन निर्माण :
संस्थानको कार्यप्रकृति अनुसारको छुट्टै ऐन निर्माण गर्नु अपरिहार्य छ । छुट्टै ऐनका साथ संस्कृति विभागका रूपमा सञ्चालन गर्नसके संस्कृतिबाटै समृद्धिको आधार निर्माण हुनेछ ।

### ४.२.४ निश्चित माइलस्टोन सहितका नीति तथा कार्यक्रम :
संस्कृति र प्रकृतिको संयोजनबाट सांस्कृतिक पर्यटनको विकाससँगै समृद्धिको मार्ग निर्माण गर्न निश्चित माइलस्टोन सहितका संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमका लागि बजेट तर्जुमा अपरिहार्य छ ।

### ४.२.५ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) स्वीकृत :
संस्थानको O&M हालसम्मको इतिहासमा मन्त्रालयबाट स्वीकृत भएको इतिहास भेटिँदैन । तसर्थ दक्ष सिर्जनशील जनशक्ति व्यवस्थापनका लागि स्पष्ट संरचना आवश्यक पर्ने भएकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रालयबाट स्वीकृत हुनु अपरिहार्य छ ।

### ४.२.६ कला प्रशिक्षण सम्बन्धन :
हाल कला सम्बन्धी अध्ययन गर्न चाहने प्रशिक्षार्थीहरूका लागि स्नातकबाट मात्रै पढ्ने व्यवस्था भएकाले संस्थानको कला प्रशिक्षण कार्यक्रमलाई कुनै विश्वविद्यालय वा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गराई प्लस टु सरह मान्यता प्राप्त हुनेगरी व्यवस्थित गर्नसके प्रशिक्षार्थीहरूले आधिकारिक रूपमा कला सम्बन्धी अध्ययन गर्ने वातावरणको विकास हुन्छ ।

### ४.२.७ विनियमावली स्वीकृत :
सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी (संशोधन सहित) विनियमावली, २०८१ स्वीकृतिका लागि तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरिएकाले यथाशीघ्र स्वीकृत हुनसके संस्थानको नीतिगत प्रणालीमा थप सुदृढीकरण र संस्थान समृद्धि तर्फ अग्रसर हुनेछ ।

## ४.३ निष्कर्ष
एक वाक्यांशमा भन्नुपर्दा संस्कृति भनेको मानवजातिका जन्मदेखि मृत्युसम्मका हरेक सिर्जनशील क्रियाकलापहरूको एमुष्ट रूप हो । संस्कृतिले नै हरमानवलाई सुसंस्कृत ढंगले बाँधेको हुन्छ । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको देशमा संस्कृतिले नै सारा जनमनलाई राष्ट्रिय एकतामा बाँधेको छ । एक आमाले सन्ततीलाई जन्मदेखि मृत्युसम्मका हरेक क्रियाकलापहरू सभ्य ढंगले निर्वाह गर्ने संस्कृति प्रदान गर्छिन् । तसर्थ संस्कृतिको मुहान भन्नु नै आमा हुन् । राष्ट्रियताको दृष्टिकोणबाट भन्ने हो भने संस्कृति भन्नु नै नेपाल आमा हुन्, त्यसैले संस्कृतिको उपेक्षा गर्नु भनेको नेपाल आमाको अपमान गर्नु हो । नेपाल आमाको अस्तित्व संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्न स्थापनाकालदेखि हालसम्म निरन्तर प्रतिबद्ध रहेको सांस्कृतिक संस्थानको रक्षा गर्नु नेपाल सरकारको दायित्व हो । नेपालको पहिचानयुक्त लोकसंस्कृतिलाई सजीव प्रदर्शनीका माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यका साथ वि.सं. २०१६ सालमा स्थापित राष्ट्रिय नाचघर नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएको अवधिलाई हेर्ने हो भने आजबाट ६६ औं वर्षमा प्रवेश गरेको छ । सांस्कृतिक संस्थानलाई गम्भीरतापूर्वक चिन्तन गरिनु पर्ने बेला भएको छ । राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको सांस्कृतिक विरासतलाई बचाउन राज्यले गम्भीर भएर सोच्नु पर्ने बेला भएको छ ।

संस्थानको प्रमुख समस्या नेपालको अस्तित्व संस्कृति संरक्षण गर्ने निकाय नै संस्थानको भवन निर्माणार्थ नेपाल सरकारबाट अनिवार्य प्राप्त हुनुपर्ने अनुदान रकम त्रुटिपूर्ण ढंगले हुन गएको ऋण, उपदान दायित्व,

ओ एण्ड एम तथा विनियमावली स्वीकृत नहुनु जस्ता समस्याका कारण मृत्युशैयामा रहन विवश छ । सांस्कृतिक संस्थानलाई छुट्टै ऐनका साथ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति विभागका रूपमा क्षेत्राधिकार दिई संस्कृति सम्बन्धी सम्पूर्ण नीतिगत एवम् संस्कृति प्रवर्द्धन सम्बन्धी कार्य गर्ने प्रमुख निकायका रूपमा विस्तार गर्न सक्ने हो भने संस्कृतिबाटै समृद्धि शत प्रतिशत सम्भव छ । स्मरण रहोस् तत्कालीन अवस्थामा राष्ट्रिय नाचघर नेपाल सरकारको संस्कृति विभागको रूपमा थियो ।

संस्कृतिलाई सिर्जनशील कलाको माध्यमबाट अभिव्यक्त गर्नु आफैमा निकै चुनौतीपूर्ण कार्य हो । भनिन्छ, कला नभएको मानव, मानव हुन सक्दैन । यसैपनि संस्कृति आफैमा संवेदनशील र व्यापक अर्थ बोकेको विषय हो । त्यसैमा संस्कृति भित्रको कला भन्ने विषय आफैमा ओजपूर्ण संवेदनशील पक्ष हो । मानवको विभिन्न व्यवहार, सोच, विचार, भावना, काल्पनिक शक्ति, क्षमता, सीप तथा बौद्धिकताबाट उत्पन्न हुने सिर्जनशील एवम् रचनात्मक अभिव्यक्ति हो - कला । अलौकिक एवम् अद्भुत शक्तिका रूपमा सौन्दर्यमय, आनन्दमय, अमृतमय तथा सुखमय क्षणको एक द्योतक पनि हो - कला । हरेक मानवमा जन्मदेखि मृत्युसम्मका विभिन्न क्रियाकलाप मध्ये कुनै न कुनै कला हुन्छ नै तर कलाभित्रको उच्चकोटिको  कला मध्ये संगीत (गायन, वादन, नृत्य) तथा नाट्य अभिनयलाई मानिन्छ । ठूलो त्याग र साधना पछि प्राप्त हुने संगीत तथा नाट्य अभिनय सम्बन्धी कला जो कोही मानवमा हुन सक्दैन ।

संस्कृतिभित्रको सिर्जनशील कला मार्फत सजीव प्रदर्शनी गरी संस्कृति संरक्षण सहित संस्कृतिबाटै समृद्धिको आधार निर्माण गर्ने अभिभारा बोकेको संस्थानमा नेतृत्व नियुक्तिलाई नेपाल सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । संस्थानको इतिहासलाई गम्भीरतापूर्वक हेर्ने हो भने जो संस्कृति सम्बन्धी ज्ञान भएको तथा सिर्जनशील कलासँग सम्बद्ध रहेको व्यक्ति नियुक्त भएको थियो, उसकै कार्यकालमा मात्र संस्थानको हित सम्बन्धी क्रियाकलाप सम्पन्न भएको स्पष्ट देखिन्छ । त्यसैले राजनीतिक तर्फबाट नियुक्ति हुने प्रणाली भएतापनि सम्बन्धित क्षेत्रको विषय विज्ञता, अनुभव र योग्यतालाई प्राथमिकता दिई स्वस्थ प्रतिष्पर्धाबाट नियुक्ति गरिने प्रणालीको विकास हुनु अपरिहार्य देखिन्छ । साथै संस्थानमा कर्मचारीहरू नियुक्ति गर्दा समेत संस्थानको मूल मर्म र उद्देश्य केन्द्रित रही नेपालको अस्तित्व लोकसंस्कृतिभित्रको प्रदर्शनीयुक्त कला सम्बन्धी क्रियाकलाप गर्न शत प्रतिशत न्याय दिने र नेपाली समाजले सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै अंगीकार गरेको संस्कृति सम्बन्धी विषय विज्ञ कर्मचारीहरू मात्रै नियुक्त गर्ने प्रणालीको विकास गरिनु अपरिहार्य छ ।

**सांस्कृतिक संस्थानको दीर्घकालीन सोच : "संस्कृति +प्रकृति + जनशक्ति = समृद्धि"**

'संस्कृति, प्रकृति र जनशक्ति' बीच सुन्दर समायोजन गर्नसके मात्र नेपाल जस्तो संस्कृति र प्रकृतिको धनी देशमा सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोतको उचित संयोजन मार्फत समृद्धि सम्भव छ । अर्थात अभौतिक र भौतिक सांस्कृतिक सम्पदालाई दक्ष जनशक्तिद्वारा सही ढंगले समायोजन र सदुपयोग गर्नसके सांस्कृतिक पर्यटनको विकास र संस्कृतिबाटै समृद्धि सम्भव छ । सर्वप्रथम त संस्कृतिलाई बुझ्ने चिन्तनको समाजमा विकास हुनु अपरिहार्य छ । संस्कृति के हो र संस्कृतिप्रतिको सोच, चिन्तनको हरेक नेपालीमा विकास हुन नसक्नु नै आजको प्रमुख समस्या हो । संस्कृति भन्नाले सामान्य रूपमा नाचगान भनेर बुझ्ने नेपाली समाजको सोचलाई विस्तार गर्नु पहिलो आधारभूत शर्त हो । संस्कृति यति विशाल छ कि जसलाई परिभाषित गर्दा उपन्यास नै बन्छ । सामान्यतः अभौतिक सांस्कृतिक सम्पदा भन्नु जन्मदेखि मृत्युसम्मका सम्पूर्ण क्रियाकलाप, भौतिक सांस्कृतिक सम्पदा भन्नु प्रकृति तथा मानव निर्मित हरेक संरचना भएकाले अभौतिक सांस्कृतिक सम्पदा र भौतिक सांस्कृतिक सम्पदाको योग नै संस्कृति हो

। संस्कृति संरक्षण सहित उत्पादन तर्फ जोड्ने स्पष्ट राज्यनीति निर्माण गर्नु आजको प्रमुख अपरिहार्यता हो ।

अमूर्त र मूर्त सांस्कृतिक सम्पदालाई दक्ष सिर्जनशील युवा जनशक्तिबाट सही ढंगले उत्पादनमैत्री क्रियाकलापमा जोड्ने स्पष्ट राज्यनीति निर्माण हुने हो भने संस्कृतिबाटै नेपाल समृद्ध बन्नेछ । किनकी सांस्कृतिक पर्यटनका लागि नेपाल उपयुक्त गन्तव्य हो । नेपालको अस्तित्वको कुरामा, संस्कृतिजस्तो संवेदनशील कुरामा राजनीतिकरण नगरी नेपालको खजाना भौतिक-अभौतिक सांस्कृतिक सम्पदाको सदुपयोगबाट नेपालीलाई आत्मनिर्भर, स्वरोजगार बनाउने साझा नीति तथा कार्यक्रम बनाई लागू गर्नु राज्य र राज्यका संस्कृति सम्बन्धी निकायहरूका अनिवार्य शर्त हो ।

कुनै पनि राष्ट्रको अस्तित्व त्यस राष्ट्रको संस्कृतिभित्र हुन्छ । संस्कृति नरहे कुनैपनि राष्ट्र रहन सक्दैन । सिर्जनशील कला भएका सिर्जनशील प्राणीहरूले नै जनताका सुख, दुःख, आरोह-अवरोह एवम् जीवनमृत्यु पर्यन्त हरेक क्रियाकलापलाई सिर्जनशील कलाको माध्यमबाट नवजागरण पैदा गर्न, सामाजिक सद्भाव तथा राष्ट्रिय एकताका विचारहरू एवम् भावनाहरू अभिव्यक्त गरी देशमा सभ्य संस्कृति निर्माण गरी सम्पूर्ण जनतालाई एकताबद्ध भई आत्मनिर्भर हुने सन्देश सम्प्रेषण गर्दछन् । सिर्जनशील कलालाई सजीव रूपमा प्रदर्शन गर्ने नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सिर्जनशील कला, सिर्जनशील प्राणी र समग्र संस्कृतिको अस्तित्व रक्षार्थ नीति तथा कार्यक्रम तर्जुमा गर्न सदा प्रतिबद्ध छ । संस्कृति संरक्षणका लागि सिर्जनशील कला मार्फत नवजागरण प्रवाह गर्दै संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटन र डिजिटल उत्पादनतर्फ अग्रसर भई सांस्कृतिक उद्योगको विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने दीर्घकालीन लक्ष्यमा संस्थान सदा प्रतिबद्ध छ ।

अनेकन् समस्याले ग्रस्त संस्थानमा पछिल्लो समय आशाका उषा किरणहरू उदाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको असल अभिभावकत्वमा वर्तमान नेतृत्व र संस्थानका कर्मचारीहरूले कर्तव्यनिष्ठ भई जिम्मेवारी वहन गर्दा गत आ.व.को तुलनामा यस आ.व.मा आयमा वृद्धि भएको छ । कुनैपनि कार्य परिणाममुखी हुनको लागि सर्वप्रथम त सही वातावरण नै आधारभूत आवश्यकता हो । संस्थानको हितका लागि संस्कृतिप्रतिको चिन्तनलाई गहिरो ढंगले बुझ्नसक्ने असल अभिभावकको खाँचो भएको परिवेशमा संस्कृतिलाई राम्रोसँग बुझ्नसक्ने र संस्थानलाई माथि उठाउन सुशासन स्थापनाको लागि उपयुक्त वातावरण निर्माण गरिदिने माननीय मन्त्री ज्यू जस्तो अभिभावक पाउनु नै संस्थानको लागि गौरवको पक्ष हो । संस्थानका कर्मचारीहरूको तलब भत्ता र नीति तथा कार्यक्रमका लागि मुख्य स्रोत नै हल आम्दानी भएकाले हल चुहावटलाई निस्तेज पार्न माननीय मन्त्रीज्यूले निभाउनु भएको असल अभिभावकत्व प्रति हामी आभार प्रकट गर्दछौं । सुशासन स्थापना गरेकै कारण निकायगत ढंगले अपरिहार्य वर्षौंदेखि निर्माण गर्ने भनी निर्णयमै सीमित रहेका सेमिनार हल र रेकर्डिङ स्टुडियो निर्माण गरी उत्पादनको स्रोतको रूपमा थप भएको छ। डिजिटल युगसँगै तयार पारिएको नीति अनुरूप संस्थानका गतिविधिलाई डिजिटल उत्पादनमा जोड्ने कार्यको शुभारम्भ गरी संस्थानको आयको स्रोत थप भएको छ। त्यस्तै संस्थानमा थुप्रै उत्पादनमैत्री नीति तथा कार्यक्रमहरू तय गरी सम्पन्न गरिएकाले आय स्रोतमा वृद्धि भएको छ । अन्ततः संस्थानमा यस्तै असल अभिभावकत्वको निरन्तरता भएमा र संस्थानको नेतृत्वले सुशासन स्थापना गरी नेतृत्व तथा कर्मचारीहरू जतिसुकै बाधाअड्चन आएपनि विचलित नभई निष्ठापूर्वक जिम्मेवारी वहन गर्नसके संस्थान आत्मनिर्भर सहित संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध संस्थानबाटै हुनेछ ।